# आकाशवाणी समाचार- नेपाली
## मितिः २३ मई २०२६
## समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज १९ औं रोजगार मेलामा भिडियो कन्फरेन्सिङमार्फत ५१ हजारभन्दा बढी युवाहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुहुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी र साइप्रसका राष्ट्रपति निकोस क्रिस्टो-डौलाइड्सले आतंकवाद विरुद्ध लड्न बहुपक्षीय प्रयासहरूलाई सुदृढ पार्न र अन्तर्राष्ट्रिय आतंकवाद सम्बन्धी व्यापक सम्मेलनलाई प्रारम्भिक रूपमा अन्तिम रूप दिन र अपनाउन आह्वान गरेका छन्।

३. अमेरिकी विदेशमन्त्री मार्को रुबियो आज भारतको चार दिने भ्रमणको लागि आइपुग्नु हुँदैछ। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्ने र विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरसँग वार्ता गर्नु हुनेछ।

४. केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले सरकारी योजनाहरूको लाभ सरल, पहुँचयोग्य र समयबद्ध तरिकाले नागरिकहरूमा पुग्नुपर्ने बताउनु भएको छ।

५. पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशमा पेट्रोल र डिजेलको पर्याप्त उपलब्धता रहेको र आपूर्ति स्थिर रहेको बताएको छ।

**प्रधानमन्त्री-रोजगार मेला**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज १९ औं रोजगार मेलामा भिडियो कन्फरेन्सिङमार्फत ५१ हजारभन्दा बढी युवाहरूलाई नियुक्ति पत्र हस्तान्तरण गर्नुहुनेछ। श्री मोदीले यस अवसरमा सम्बोधन पनि गर्नुहुनेछ। रोजगार मेलाले रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिने प्रधानमन्त्री श्री मोदीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**भारत-साइप्रस संयुक्त वक्तव्य**

प्रधानमन्त्री नरेन्द्र मोदी र साइप्रसका राष्ट्रपति निकोस क्रिस्टो-डौलाइड्सले आतंकवाद विरुद्ध लड्न बहुपक्षीय प्रयासहरूलाई सुदृढ पार्न र संयुक्त राष्ट्रको ढाँचाभित्र अन्तर्राष्ट्रिय आतंकवाद सम्बन्धी व्यापक सम्मेलनलाई प्रारम्भिक रूपमा अन्तिम रूप दिन र अपनाउन आह्वान गरेका छन्। हिजो नयाँ दिल्लीमा दुई नेताहरूबीच भएको वार्तापछि जारी गरिएको संयुक्त वक्तव्यमा दुवै देशले संयुक्त राष्ट्र संघ र युरोपेली संघद्वारा तोकिएका सबै आतंकवादी र आतंकवादी संगठनहरू विरुद्ध कडा र समन्वित कारबाही गर्न आग्रह गरेका छन्।

**बाइट**

आतंकवादप्रति शून्य सहनशीलताको नीति दोहोऱ्याउँदै दुवै नेताहरूले दोहोरो मापदण्ड, राज्य-प्रायोजित आतंकवाद र कुनै पनि परिस्थितिमा आतंकवादी कार्यहरूको औचित्यलाई अस्वीकार गरे। उनीहरूले सूचना आदानप्रदान, गुप्तचर आदानप्रदान र क्षमता निर्माणमार्फत पारस्परिक सहयोग बढाउन आतंकवाद विरोधी संयुक्त कार्य समूहको स्थापनाको लागि समझौता ज्ञापनको स्वागत गरे।

दुवै पक्षले रक्षा र सुरक्षाको क्षेत्रमा सहयोगलाई गहिरो बनाउन पनि सहमति जनाए। यसमा साइबर सुरक्षा र उदीयमान प्रौद्योगिकीहरूमा विशेष ध्यान केन्द्रित गर्दै रक्षा उद्योगहरूबीचको सहकार्य समावेश छ। उनीहरूले साइप्रस रक्षा र अन्तरिक्ष उद्योग समूह र भारतीय रक्षा उत्पादकहरूको समाजबीचको सम्झौताको स्वागत गरे।
दुवै नेताहरूले यस वर्षको फरवीमा हस्ताक्षर गरिएको भारत-साइप्रस द्विपक्षीय रक्षा सहयोग कार्यक्रमको स्वागत गरे।

**रुबियोको भारत भ्रमण**

अमेरिकी विदेशमन्त्री मार्को रुबियो आज भारतको चार दिने भ्रमणको लागि कोलकाता आइपुग्नु हुँदैछ। यो उहाँको पहिलो भारत भ्रमण हो। श्री रुबियोले नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्ने कार्यक्रम छ। श्री रुबियोले विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरसँग पनि वार्ता गर्नु हुनेछ। उहाँ अमेरिकी दूतावासमा आयोजना हुने स्वतन्त्रता दिवस समारोहमा पनि भाग लिने कार्यक्रम छ। श्री रुबियोले आगरा र जयपुरको पनि भ्रमण गर्नु हुनेछ। त्यसपछि मंगलबार उहाँले नयाँ दिल्लीमा क्वाड विदेशमन्त्रीहरूको बैठकमा भाग लिनु हुनेछ। अष्ट्रेलियाली विदेशमन्त्री पेनी वोङ र जापानी विदेशमन्त्री तोशिमित्सु मोटेगी पनि बैठकमा उपस्थित हुनेछन्। विदेश मन्त्रालयले भनेको छ, बैठकले क्वाडको स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको दृष्टिकोणसँग मिल्दोजुल्दो चलिरहेका पहलहरूको प्रगतिको समीक्षा गर्नेछ। पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल हुने सम्भावना छ।

भारत प्रस्थान गर्नुअघि श्री रुबियोले भारतलाई एक महान सहयोगी र साझेदारको रूपमा वर्णन गर्नु भयो र भारतसँग सहकार्य गर्न धेरै क्षेत्रहरू छन् भन्ने कुरा उल्लेख गर्नु भएको छ।

**शाह आईटीबीपी-महिला टीम**

केन्द्रीय गृहमन्त्री अमित शाहले आईटीबीपीको पहिलो महिला पर्वतारोहण टोलीलाई ने माउंट एवरेस्टमा तिरंगा फहराएकोमा बधाई दिनु भएको छ।सामाजिक सञ्जालको एक पोस्टमा श्री शाहले भन्नु भएको छ, यो शानदार विजय हासिल गरेर कठिन भूभाग र प्रतिकूल जलवायु परिस्थितिको सामना गर्दै आईटीबीपी टोलीले 'राष्ट्र सर्वोपरि' को सिद्धान्तलाई सार्थक गरेर देखाएको छ।

**चौहान बैठक**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले सरकारी योजनाहरूको लाभ सरल, पहुँचयोग्य र समयबद्ध तरिकाले नागरिकहरूमा पुग्नुपर्ने बताउनु भएको छ। उहाँले हिजो नयाँ दिल्लीमा कृषि तथा ग्रामीण विकास मन्त्रालयका वरिष्ठ अधिकारीहरूसँग आयोजित उच्चस्तरीय समीक्षा बैठकमा यी कुरा बताउनु भएको छ। श्री चौहानले कृषि, ग्रामीण विकास र भूमि स्रोतसँग सम्बन्धित सबै सम्बन्धित विभाग र संस्थाहरूलाई आफ्नो गुनासो सम्बोधन संयन्त्रलाई बलियो बनाउन र तिनीहरूलाई अधिक प्रभावी, जवाबदेह और उत्तरदायी बनाउन निर्देशन दिनु भएको छ। श्री चौहानले कृषि तथा ग्रामीण विकास मन्त्रालयहरूलाई १० जना अधिकारीहरूको समर्पित टोली गठन गर्न पनि निर्देशन दिनु भएको छ जसले गुनासो, सार्वजनिक गुनासो, निर्वाचित प्रतिनिधिहरूबाट प्रतिनिधित्व, नागरिकहरूबाट पत्र र विभिन्न पोर्टलहरूमा उठाइएका मुद्दाहरूको दैनिक समीक्षा गर्नेछन्। उहाँले प्रक्रियाहरूलाई सरल बनाउने र अप्रचलित र अप्रासंगिक नियमहरू हटाउने आवश्यकतामा जोड दिनु भयो।

**गोयल – अमेरिकी आईसीआई**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो नयाँ दिल्लीमा इन्भेस्टमेन्ट कम्पनी इन्स्टिच्युट (आईसीआई) अफ द अमेरिकाका एसिया तथा ग्लोबल एनालिटिक्सका प्रबन्ध निर्देशक म्याथ्यू मोहलेनक्याम्पसँग भारतको द्रुत गतिमा बढ्दो अर्थतन्त्रभित्र लगानीका अवसरहरूबारे छलफल गर्न भेटनु भएको छ।

सामाजिक सञ्जालको एक पोस्टमा श्री गोयलले छलफलको प्राथमिक केन्द्रबिन्दु प्रविधि, पूर्वाधार, इलेक्ट्रोनिक्स र डिजिटल इकोसिस्टम लगायत उच्च-बृद्धि क्षेत्रहरूमा अमेरिकी संस्थागत लगानीलाई सुदृढ पार्नुका साथै उत्पादन, नवप्रवर्तन र रोजगारी सिर्जनालाई बढावा दिनु रहेको बताउनु भयो।

**आरबीआई-सरकार अधिशेष**

भारतीय रिजर्भ बैंकले आर्थिक वर्ष २०२५-२६ को लागि केन्द्र सरकारलाई २ लाख ८६ हजार करोडको रेकर्ड अधिशेष हस्तान्तरण गर्न अनुमोदन गरेको छ। यो रिजर्भ बैंकले तिरेको अहिलेसम्मकै उच्च लाभांश हो। यो निर्णय हिजो मुम्बईमा गभर्नर संजय मल्होत्राको अध्यक्षतामा भएको बैंकको केन्द्रीय निर्देशक बोर्डको ६२३ औं बैठकमा लिइएको हो। बैंकले आर्थिक वर्ष २०२५-२६ मा यसको जम्मा आम्दानी अघिल्लो वर्षको तुलनामा 26 दशमलव चार-दुई प्रतिशतले बढेको बताएको छ। बैंकको खर्च 27 दशमलव छ प्रतिशतले बढेको छ।

**सरकार – डिजेल**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशमा पेट्रोल र डिजेलको पर्याप्त उपलब्धता रहेको र आपूर्ति स्थिर रहेको बताएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै मन्त्रालयले नागरिकहरूलाई आतंकित भएर किनमेल नगर्न सल्लाह दिएको छ र उनीहरूको वास्तविक आवश्यकता अनुसार मात्र इन्धन खरिद गर्न आग्रह गरेको छ। मन्त्रालयले उल्लेख गरेको छ, तेल बजार कम्पनीहरूद्वारा निरन्तर आपूर्ति अनुगमन र समन्वयित वितरण प्रयासहरूमार्फत केही खुद्रा पसलहरूमा अस्थायी दबाबलाई सम्बोधन गरिएको छ। यसबाहेक मन्त्रालयले भनेको छ, उच्च मागको यस अवधिमा सबैका लागि इन्धनको सहज उपलब्धता सुनिश्चित गर्न जिम्मेवार उपभोग र सार्वजनिक सहयोग महत्वपूर्ण हुनेछ।